प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

# परियोजना कार्यान्वयन अवस्था तथा हालसम्मका उपलब्धिहरु

नेपाल सरकार
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना व्यवस्थापन एकाइ
खुमलटार, ललितपुर

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

# परियोजना कार्यान्वयन अवस्था तथा हालसम्मका उपलब्धिहरू

नेपाल सरकार
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना व्यवस्थापन एकाइ
खुमलटार, ललितपुर

**प्रकाशक:**

**नेपाल सरकार**

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**

**परियोजना व्यवस्थापन एकाइ**

खुमलटार, ललितपुर

फोन नं. : ०१-५४२०३६४

इमेल : pmamp.pmu@gmail.com

वेबसाइट : www.pmamp.gov.np

प्रकाशन वर्ष : २०८२ असार

# विषय सूची


१. परियोजना परिचय ........ १

२. परियोजनाको सोच, लक्ष्य एवम् उद्देश्य ........ १

२. परियोजनाका सम्भागहरू ........ २

३. राष्ट्रिय महत्त्वका प्राथमिकता प्राप्त बाली/वस्तुहरू ........ ३

४. परियोजना अन्तर्गत हालसम्मका जोन/सुपरजोनहरूको विवरण ........ ३

५. परियोजनामा लगानी र खर्चको अवस्था (रकम रू. लाखमा) ........ ७

६. परियोजनाको जोन/सुपरजोनतर्फको वार्षिक वित्तीय प्रगति विवरण ........ ७

७. परियोजना कार्यान्वयनबाट हालसम्म प्राप्त उपलब्धिहरू (Output level indicators) ........ ८

८. परियोजना अन्तर्गत जोन/सुपरजोनको राष्ट्रिय उत्पादनमा हिस्सा ........ ९

९. परियोजना अन्तर्गत रोजगारी सिर्जना ........ ११

१०. परियोजना अन्तर्गतका लाभान्वित वर्ग ........ ११

११. पन्ध्रौं योजना र PMAMP प्रगति ........ १२

१२. परियोजना कार्यान्वयनबाट प्राप्त सफल दीर्घकालीन प्रभाव र उपलब्धिहरू (Long term impact) ........ १३

१३. परियोजना कार्यान्वयन पश्चातका अवसर तथा चुनौतीहरू ........ १८

## १. परियोजना परिचय

कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रूपान्तरित आधुनिक, व्यावसायिक, दिगो एवम् आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने सोचका साथ नेपाल सरकारको आफ्नै स्रोत परिचालन गरी २०७३ साउनदेखि २०८३ असारसम्म समयाबधि रहने गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सञ्चालनमा रहेको छ। देशभरका ७७ वटै जिल्लाहरू कार्यक्षेत्र रहने गरी राष्ट्रिय प्राथमिकता प्राप्त १५ वटा बाली/वस्तुहरूमा परियोजनाले कार्यक्रम कार्यान्वयन गरिरहेको छ। कृषिका विशिष्टिकृत क्षेत्रहरू निर्माण, कृषि उपजको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि, रोजगारीका अवसरहरू सिर्जना र सरोकारवाला बीचको कार्यमूलक समन्वयमार्फत प्रभावकारी सेवा प्रवाह गर्ने उद्देश्यहरू प्राप्त गर्न विभिन्न ४ सम्भागमार्फत यो परियोजना हाल स्थानीय, प्रदेश र सङ्घीय तीनै तहका सरकारमार्फत कार्यान्वयन हुँदै आइरहेको छ। चालु आ.व. २०८१/८२ मा परियोजना नवौं वर्षमा कार्यान्वयनमा रहेको छ।

### परियोजनाको प्रमुख परिचयात्मक विशेषताहरू

- स्वदेशी सोच, स्वदेशी स्रोत-साधन तथा आन्तरिक जनशक्तिबाट तर्जुमा गरी कार्यान्वयनमा रहेको
- कृषि विकास रणनीति (ADS) कार्यान्वयनका लागि सहयोगी परियोजनाका रूपमा रहेको
- पन्ध्रौं योजनामा रूपान्तरणकारी आयोजनाको रूपमा पहिचान गरिएको
- सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्य र समन्वयमा सञ्चालनमा रहेको
- परियोजना अवधि २०७३ श्रावण - २०८३ असार र्षव ०१))
- सञ्चालन गर्ने निकायः नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय
- परियोजनाको अवधिको कूल प्रक्षेपित बजेटः १ खर्ब ३० अर्ब रुपैंयाँ
- परियोजनाको कार्य क्षेत्रः ७७ जिल्ला (४८ वटा परियोजना कार्यान्वयन एकाइहरू तथा १ वटा व्यवस्थापन एकाइ)

## २. परियोजनाको सोच, लक्ष्य एवम् उद्देश्य

### सोच

कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रूपान्तरित आधुनिक, व्यावसायिक, दिगो एवम् आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने।

### लक्ष्य

समग्र कृषि मूल्य शृङ्खलाका अवयवहरूको एकीकृत संयोजन र परिचालनमार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकीकरण उन्मुख दिगो आर्थिक अवसरहरू सिर्जना गरी राष्ट्रको समग्र विकासमा टेवा पुर्याउने।


### उद्देश्यहरू

- प्रमुख कृषि उपजहरूको विशिष्टिकृत क्षेत्रहरू निर्माण गर्ने,
- निर्यातयोग्य कृषि वस्तुहरूको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने,
- कृषिलाई सम्मानजनक नाफामुखी व्यवसायका रूपमा विकास गर्दै रोजगारीका अवसरहरू सिर्जना गर्ने
- बहुसरोकारवाला निकायहरूबीचको कार्यमूलक समन्वयमार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्‍चितता गर्ने।

## २. परियोजनाका सम्भागहरू

परियोजनाका दस्तावेज बमोजिम परियोजना अन्तर्गत मुख्य चारवटा सम्भागहरू रहेका छन्। परियोजनाले निर्दिष्ट गरेको सम्भाग लक्ष्य बमोजिम हालसम्म सुपरजोन र ब्लक विकास कार्यक्रमको प्रगति शतप्रतिशत हासिल भई सकेको छ भने जोन र पकेट विकास कार्यक्रमको प्रगति हासिल हुन बाँकी रहेको छ। परियोजनाका सम्भागहरू र सो को प्रगतिको अवस्था निम्न चित्रमा सारांशमा प्रस्तुत गरिएको छ।

परियोजना संभागहरु




| विवरण | साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) | साना व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) | व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) | बृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपरजोन) |
|---|---|---|---|---|
| लक्ष्य | १५००० | १५०० | ३०० | २१ |
| ८१/८२ सम्मको प्रगति | ९१६२ | १६६४ | २०६ | २१ |
| कार्यान्वयन निकाय | स्थानीय सरकार | प्रदेश सरकार | नेपाल सरकार | |

## ३. राष्ट्रिय महत्त्वका प्राथमिकता प्राप्त बाली/वस्तुहरू

परियोजनाले राष्ट्रिय महत्त्वका १५ मूल्य शृङ्खलाहरूमा कृषकलाई सहयोग उपलब्ध गराउँदै आएको छ। परियोजनाले कार्यक्रम कार्यान्वयन गरिरहेका उक्त बाली/वस्तुहरूलाई देशको समग्र खाद्य तथा पोषण सुरक्षामा सहयोग पुर्‍याउन सक्ने, आयात प्रतिस्थापन वा निर्यात प्रवर्द्धन गर्न सक्ने सम्भाव्यताको आधारमा निम्नानुसारका तीन समूहमा वर्गीकरण गरी सोही बमोजिमका कार्यक्रम सञ्चालन गर्ने गरिएको छ।

| बाली/वस्तु | समूह |
|---|---|
| धान<br>गहुँ<br>तरकारी<br>आलु | **खाद्य तथा पोषण सुरक्षाका लागि आधारभूत बाली** |
| दलहन/तेलहन (भटमास, मुसुरो, तोरी, सिमी)<br>दूध (गाई/भैंसी)<br>मासु (भेडा/बाख्रा/च्याङ्ग्रा, बङ्गुर)<br>सुन्तलाजात फलफूल (सुन्तला, जुनार, कागती)<br>मकै<br>स्याउ/ओखर<br>आँप<br>केरा<br>माछा | **आयात प्रतिस्थापन** |
| निर्यात प्रवर्द्धन बाली (कफी, अलैंची, अदुवा/बेसार)<br>मौरी | **निर्यात प्रवर्द्धन** |

## ४. परियोजना अन्तर्गत हालसम्मका जोन/सुपरजोनहरूको विवरण

परियोजना सुरुवात देखि हालसम्म २१ वटा सुपरजोन र २०६ वटा जोन स्थापना भई जोन/सुपरजोन विकास कार्यक्रम सञ्चालनमा रहेको छन्। जोन/सुपरजोनहरूको जिल्लागत तथा बालीगत विवरण तलको तलिकामा प्रस्तुत गरिएको छ।

| बाली/वस्तु | जोन | | सुपरजोन | |
|---|---|---|---|---|
| | सङ्ख्या | जिल्ला | सङ्ख्या | जिल्ला |
| धान | २१ | सुनसरी, सिरहा, धनुषा, सर्लाही, रौतहट, चितवन, गोरखा, प्यूठान, सल्यान, पर्वत, सप्तरी, बारा, पर्सा, नुवाकोट, मकवानपुर, तनहुँ, बाँके, कैलाली, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), महोत्तरी | ५ | झापा, कञ्चनपुर, कपिलबस्तु, बर्दिया, मोरङ |
| मकै | १३ | झापा, खोटाङ, सिन्धुपाल्चोक, पर्वत, गुल्मी, रोल्पा, बाँके, बैतडी, धादिङ, ताप्लेजुङ, सर्लाही, गुल्मी, सुर्खेत रुकुम (पश्चिम भाग) | २ | दाङ, सर्लाही |
| गहुँ | ३ | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रूपन्देही, कञ्चनपुर | १ | कैलाली |
| बहुबाली | १ | उदयपुर | | |
| तरकारी | ३५ | धनकुटा, सुनसरी, महोत्तरी, पर्सा, नुवाकोट, धादिङ, चितवन, मकवानपुर, ललितपुर, तनहुँ, पाल्पा, कपिलबस्तु, रुकुम (पश्चिम भाग), अर्घाखाँची, सुर्खेत, रौतहट, मोरङ, तेह्रथुम, खोटाङ, भक्तपुर, काठमाडौं, धादिङ, लमजुङ, पर्वत, प्यूठान, सल्यान, बैतडी, झापा, बाँके, धनुषा, सर्लाही, बारा, नुवाकोट, दैलेख, डडेल्धुरा | २ | कास्की, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) |
| आलु | २० | ओखलढुंगा, रामेछाप, रसुवा, नुवाकोट, भक्तपुर, काठमाडौं, बाग्लुङ, दैलेख, बझाङ, अछाम, पाँचथर, दोलखा, गोरखा, मनाङ, म्याग्दी, रोल्पा, रुकुम (पूर्वी भाग), मुस्ताङ, जुम्ला, रूपन्देही, | २ | काभ्रेपलाञ्चोक, डडेल्धुरा |
| दलहनबाली | ७ | मुगु, डडेल्धुरा, डोल्पा, जुम्ला, कालिकोट, बझाङ, जाजरकोट | | |

| बाली/वस्तु | जोन | | सुपरजोन | |
|---|---|---|---|---|
| | सङ्ख्या | जिल्ला | सङ्ख्या | जिल्ला |
| तेलहनबाली | २ | दाङ, कैलाली | | |
| स्याउ/ओखर | १२ | मनाङ, मुस्ताङ, कालीकोट, डोल्पा, हुम्ला, दार्चुला, रुकुम (पूर्वी भाग), सोलुखुम्बु, जाजरकोट, मुगु, बाजुरा, रुकुम (पश्चिम भाग) | १ | जुम्ला |
| सुन्तलाजात | १८ | सोलुखुम्बु, उदयपुर, गोरखा, म्याग्दी, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), गुल्मी, जाजरकोट, दैलेख, रामेछाप, धनकुटा, संखुवासभा, भोजपुर, पाल्पा, डोटी, दार्चुला, पाँचथर, अर्घाखाँची, सल्यान | २ | सिन्धुली, स्याङजा |
| केरा | ४ | रौतहट, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), बर्दिया, बारा | १ | चितवन |
| आँप | ४ | ससरी, सिरहा, धनुषा, स्याङजा | | |
| किवी | ३ | इलाम, दोलखा, सोलुखुम्बु | | |
| अलैंची | ७ | ताप्लेजुङ, पाँचथर, तेह्रथुम, लमजुङ, कास्की, इलाम, बाग्लुङ | १ | संखुवासभा |
| अदुवा/बेसार | १० | सोलुखुम्बु, उदयपुर, सुनसरी, स्याङजा, सल्यान, सुर्खेत, डोटी, सिन्धुली र पाल्पा, प्यूठान | | |
| कफी | १ | अर्घाखाँची | १ | गुल्मी |
| सुपारी | १ | झापा | | |
| रबर | १ | झापा | | |
| जैतुन | १ | बाजुरा | | |
| माछा | ११ | मोरङ, सुनसरी, महोत्तरी, कपिलबस्तु, सिरहा, बर्दिया, झापा, रौतहट, पर्सा, कैलाली, चितवन | ३ | धनुषा, बारा, रुपन्देही |
| बङ्गुर | २ | सुनसरी, म्याग्दी | | |

| बाली/वस्तु | जोन | | सुपरजोन | |
|---|---|---|---|---|
| | सङ्ख्या | जिल्ला | सङ्ख्या | जिल्ला |
| गाई/भैंसी | १० | सप्तरी, इलाम, बारा, सिन्धुपाल्चोक, काभ्रे, ललितपुर, स्याङजा, सिरहा, कास्की, बर्दिया | | |
| बाखा/भेडा/च्याङ्ग्रा | १४ | रामेछाप, अर्घाखाँची, दैलेख, अछाम, ओखलढुंगा, खोटाङ, रसुवा, मुस्ताङ, बाग्लुङ, गुल्मी, हुम्ला, उदयपुर, दाङ, धादिङ | | |
| मौरी | ४ | दाङ, चितवन, जाजरकोट, लमजुङ, मोरङ | | |
| **जम्मा** | **२०६** | | **२१** | |

## बाली अनुसारको सुपरजोन/जोन विकास कार्यक्रम विवरण

| सुपरजोन | | जोन विकास | | | |
|---|---|---|---|---|---|
| बाली | सुपरजोन जम्मा | बाली | जोन जम्मा | बाली | जोन जम्मा |
| धान | ५ | धान | २१ | किवी | ३ |
| मकै | २ | मकै | १३ | अलैंची | ७ |
| गहुँ | १ | गहुँ | ३ | अदुवा/बेसार | १० |
| तरकारी | २ | बहुबाली | १ | कफी | १ |
| आलु | २ | तरकारी | ३५ | सुपारी | १ |
| स्याउ/ओखर | १ | आलु | २० | रबर | १ |
| सुन्तलाजात | २ | दलहन | ७ | जैतुन | १ |
| कफी | १ | तेलहन | २ | माछा | ११ |
| माछा | ३ | स्याउ/ओखर | १२ | गाई/भैंसी | १० |
| केरा | १ | सुन्तलाजात | १८ | बङ्गुर | २ |
| अलैंची | १ | केरा | ४ | बाखा/भेडा/च्याङ्ग्रा | १४ |
| **जम्मा** | **२१** | आँप | ४ | मौरी | ५ |
| | | **जम्मा जोन सङ्ख्या** | | | **२०६** |


## ५. परियोजनामा लगानी र खर्चको अवस्था (रकम रू. लाखमा)

परियोजना दस्तावेज बमोजिम परियोजनको दश वर्षे अवधिको लागि कूल प्रक्षेपित बजेट १ खर्ब ३० अर्ब रहेको छ। परियोजनाको प्रक्षेपणको तुलनामा आ.व. २०८१/८२ सम्मको यथार्थ विनियोजन ४८.६४% मात्र रहेको छ। कूल विनियोजनको तुलनामा आ.व. २०८०/८१ सम्ममा ६७.६४% वित्तीय प्रगति हासिल भएको छ। परियोजनाको हालसम्मको विनियोजन र खर्च अवस्था तपसिल बमोजिम रहेको छ।

| क्र.सं. | विवरण | सङ्घीय निकाय | प्रदेश मन्त्रालय र अन्तर्गत | स्थानीय तह | जम्मा |
|---|---|---|---|---|---|
| १ | प्रक्षेपण (२०७३/७४-२०८१/८२) | - | - | - | १०९३०६२ |
| २ | विनियोजन (२०७३/७४-२०८०/८१) | २८१८६५ | १०७५८८ | १०५४३९ | ४९४८९२ |
| ३ | विनियोजन (२०७३/७४-२०८१/८२) | ३११७५० | १०८५६७ | १११३९१ | ५३१७०८ |
| ४ | प्रक्षेपणको तुलनामा विनियोजन प्रतिशत | | ० | ० | ४८.६४ |
| ५ | खर्च (२०७३/७४-२०८०/८१) | १९१७०६ | ६७०५७ | ७७४३५ | ३३४७८१ |
| ६ | विनियोजन (२०७३/७४-२०८०/८१) को तुलनामा खर्च प्रतिशत | ६८.०१ | ६२.३२ | ७३.४४ | ६७.६४ |

## ६. परियोजनाको जोन/सुपरजोनतर्फको वार्षिक वित्तीय प्रगति विवरण

परियोजनाको जोन तथा सुपरजोनतर्फको वार्षिक वित्तीय तलको चित्रमा प्रस्तुत गरिएको छ। कोभिड महामारी पश्चात् आ.व. २०७७/७८ बाट परियोजनाको वित्तीय प्रगति क्रमिक रूपमा बढ्दै गएको देखिन्छ। हाल वार्षिक विनियोजनको तुलनामा औषतमा ८०% को आसपासमा परियोजनाको जोन/सुपरजोन सम्भागको प्रगति हासिल भइरहेको छ।




## ७. परियोजना कार्यान्वयनबाट हालसम्म प्राप्त उपलब्धिहरू (Output level indicators)


परियोजना दस्तावेजले उल्लेख गरेका क्रियाकलाप तथा कार्यक्रमहरूको आधारमा निर्माण गरिएका सूचकको तुलनामा परियोजना कार्यान्वयनबाट आ.व. २०८०/८१ सम्ममा प्राप्त उपलब्धिहरूको सारांश निम्न तालिकामा प्रस्तुत गरिएको छ।


| सूचक | उपलब्धि | सूचक | उपलब्धि |
|---|---|---|---|
| चक्लावन्दी खेती (हे.) | ७७०३ | चिस्यान घर | ७५ |
| प्राविधिक शिक्षालयसँगको सहकार्य | शिक्षालय ३१५<br>विद्यार्थी १३७४८ | रष्टिक स्टोर | ६८ |
| कृषि स्नातक इन्टर्न परिचालन | २८३३ | सेलार स्टोर | २२ |
| प्राथमिक प्रशोधन उद्योग | १३६ | गोदाम घर | २९ |
| सुधारिएको अलैंची भट्टी | ७५८ | सङ्कलन केन्द्र | २९८ |
| ढुवानी साधन | १२४ | कस्टम हायरिङ सेन्टर | ६०८ |
| राइपेनिङ च्याम्बर | १५ | कृषि यन्त्र उपकरण | ५४१८२+ |
| साना सिँचाइ | सङ्ख्या: १४८०२<br>क्षेत्रफल: ३०६९४ हे. | फलफूल, तरकारी, मसलाबाली र घाँसेबाली नर्सरी | ५०१ |
| बीउ स्रोत केन्द्र | ८६ | माछा पोखरी निर्माण (हे.) | १८३० |

| सूचक | उपलब्धि | सूचक | उपलब्धि |
|---|---|---|---|
| पशुनस्ल स्रोत केन्द्र | ८६ | भकारो सुधार | ७०८० |
| मत्स्य ह्याचरी | ३२ | हाइटेक ग्रीन हाउस | १० |
| पशुनस्ल सुधार | १८९८ | सेमी हाइटेक ग्रीन हाउस | १२४ |
| बाखा भेडा/च्याङ्ग्रा/खोर निर्माण | १५१३ | प्लाष्टिक टनेल निर्माण | ५४९५+ |
| पिविएस आलु उत्पादनका लागि स्क्रीन हाउस | ८ | खाद्यान्न बालीको क्षेत्रफल विस्तार (हे.) | ३१०९४ |
| टिस्युकल्चर ल्याव स्थापना | ४ | फलफूल बालीको क्षेत्रफल विस्तार (हे.) | ९०५२ |
| जैविक विषादी उत्पादन कारखाना | ८ | तरकारी बालीको क्षेत्रफल विस्तार (हे.) | ६२५३ |
| प्राङ्गारिक मल कारखाना | ८ | आलुबाली क्षेत्रफल विस्तार (हे.) | ३३४१ |
| TMR उद्योग | २ | मसलाबाली क्षेत्रफल विस्तार (हे.) | २९६९ |
| जिउँदो माछा पसल | ६४ | दालबाली क्षेत्रफल विस्तार (हे.) | ७९३ |
| दुग्ध सङ्कलन केन्द्र स्थापना एवम् सुदृढीकरण | २५ | कफी क्षेत्रफल विस्तार (हे.) | २७७ |
| उच्च घनत्व स्याउ रोपण (हे.) | ६२ | न्यूनतम समर्थन मूल्यमा धान खरिदमा सहजीकरण (हजार मे.टन) | ४० |

## ८. परियोजना अन्तर्गत जोन/सुपरजोनको राष्ट्रिय उत्पादनमा हिस्सा

परियोजना अन्तर्गत विभिन्न बाली बस्तुहरूले बालीको क्षेत्रफल तथा उत्पादनमा सन्तोषजनक योगदान गरेका छन्। विभिन्न बाली वस्तु मध्ये स्याउ, माछा, अलैंची जस्ता बालीको राष्ट्रिय क्षेत्रफल तथा उत्पादनमा परियोजनाको हिस्सा उल्लेखनीय रहेको देखिन्छ। राष्ट्रिय उत्पादनको तुलनामा जोन/सुपरजोनको हिस्सा तलको चित्रमा प्रस्तुत गरिएको छ।








## परियोजनामा क्षेत्रफल विस्तार (हे.)

परियोजना कार्यान्वयन पश्चात् राष्ट्रिय महत्त्वका बाली वस्तुको क्षेत्रफल विस्तार एउटा महत्त्वपूर्ण कार्य रहेको छ। परियोजना अवधिमा जोन/सुपरजोनले ढाकेको क्षेत्रफल १७१,००० हे. पुर्याउने लक्ष्य रहेकोमा हालसम्म १५२,००० हे. क्षेत्रफल विस्तार भएको छ।


## ९. परियोजना अन्तर्गत रोजगारी सिर्जना


परियोजना सञ्चालनको १० वर्षमा पूर्ण र आंशिक गरी कूल ५६,४९,८७० रोजगरी सिर्जना हुने आँकलन गरिएकोमा आ.व. २०८०/८१ सम्ममा २१,५९,१४५ रोजगारी सिर्जना भएको छ। रोजगारी सिर्जनाको आ.व. गत विवरण तलको चित्रमा प्रस्तुत गरिएको छ।




## १०. परियोजना अन्तर्गतका लाभान्वित वर्ग


परियोजनाबाट सञ्चालित विभिन्न कार्यक्रमबाट हालसम्म करिब १४ लाख ७० हजार घरधुरी लाभान्वित भई कृषि व्यावसायीकरणमा टेवा पुगेको छ। लाभान्वित वर्गको विस्तृत विवरण तलका चार्टहरूमा प्रस्तुत गरिएको छ।






## ११. पन्ध्रौँ योजना र PMAMP प्रगति

पन्ध्रौं आवधिक योजनाले परियोजनालाई रूपान्तरणकारी परियोजनाको रूपमा उल्लेख गरेको छ। १६औं योजनाले १५औं योजनाको झैं स्पष्ट उल्लेख नगरे तापनि कृषिको आधुनिकीकरण र व्यावसायिकरण कार्यक्रम सञ्चालन, हाल सञ्चालनमा रहेका कृषि सम्बन्धी कार्यक्रमहरूको नयाँ मोडेलमा सञ्चालन, कृषि वस्तुको प्रशोधन उद्योग तथा कृषि उपजलाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने उद्योग स्थापना गर्न सुविधा प्रदान गर्ने लगायतका परियोजनाले हाल सञ्चालन गरिरहेका जस्तै कार्यक्रमहरू उल्लेख गरेको छ।



पन्ध्रौं योजनाको लक्ष्य, राष्ट्रिय औसत उत्पादकत्व र परियोजनाको प्रगतिको तुलानात्मक विवरण तलको चित्रमा प्रस्तुत गरिएको छ। पन्ध्रौं योजना अवधिको धान, मकै, गहुँ, तरकारी, आलु, फलफूल तथा माछा बालीको उत्पादकत्व लक्ष्यको तुलनामा तरकारी र माछाबाहेक सबै बालीमा परियोजना क्षेत्रको उत्पादकत्व बढी देखिएको छ। अर्कोतर्फ राष्ट्रिय औसत उत्पादकत्वको तुलनामा उक्त सबै बालीहरूको उत्पादकत्व परियोजना अन्तर्गतको धेरै रहेको छ।

## १२. परियोजना कार्यान्वयनबाट प्राप्त सफल दीर्घकालीन प्रभाव र उपलब्धिहरू (Long term impact)

### १२.१. कृषि उत्पादन तथा कृषक आयमा वृद्धि

तालिका ३.५

आ. व. २०७८/०७९मा बाली/वस्तुहरूले ढाकेको क्षेत्रफल/सङ्ख्या/उत्पादन

| क्र. सं. | बाली/वस्तु | क्षेत्रफल (हे./संख्या) | उत्पादन (मे. टन) | राष्ट्रिय औसत उत्पादकत्व अनुसार हुने उत्पादन | परियोजनाबाट थप भएको उत्पादन |
|---|---|---|---|---|---|
| १ | धान | ९८४९९ | ४४६०६८ | ३४२०६८ | १०४००० |
| २ | मकै | ३८२६१ | १६३९३२ | १२०५९४ | ४३३३८ |
| ३ | गहुँ | ९००९ | ३७८४७ | २६९४७ | १०९०० |
| ४ | दलहन | ६९८७ | ९५०५ | ८५२९ | ९७६ |
| ५ | तेलहन | ३१२७ | ४८१८ | ३४४७ | १३७१ |
| ६ | तरकारी | ६५३६४ | १०९२८४५ | ९३६६१९ | १५६२२६ |
| ७ | आलु | ३०५५३ | ६४४५७२ | ५२५६४१ | ११८९३१ |
| ८ | स्याउ | ८८५७ | ८८६८५ | ७४८१७ | १३८६८ |
| ९ | सुन्तालाजात फलफूल | १८०२० | १९२९५४ | १७०७११ | २२२४३ |
| १० | केरा | ६०३९ | १०६३५३ | ९५७३० | १०६२३ |
| ११ | आँप | ६४९६ | ८१९०८ | ७९८७७ | २०३१ |
| १२ | अलैचीं | ८८३० | ६००७ | ४८१७ | ११९० |
| १३ | अदुवा/बेसार | ११४६३ | १७९२१८ | १४६९५२ | ३२२६६ |
| १४ | दूध | ३६७०० | ५७०६० | ३२५९५ | २४४६५ |
| १५ | माछा | ७६९५ | ४३८३८ | ४०८६७ | २९७१ |
| १६ | मासु | ४८३,५४८ | १७,७८६ | १५,२४३ | ३,५४२ |
| १७ | मौरी घार | ७१७३६ | २५१० | १४८९ | १०२१ |
| परियोजनाको हस्तक्षेपबाट थप भएको उत्पादन (मे. टन) | | | | | ५,४९,९६२ |
| परियोजनाको थप उत्पादन (दुध, मासु र मह बाहेक) (मे. टन) | | | | | ५,२०,९३४ |
| अनुमानित मौद्रिक आय (ने. रू.) | | | | | १७ अर्ब ४३ करोड |

श्रोत: परियोजनाको वार्षिक प्रतिवेदन २०७९/०८० र परियोजना सर्वेक्षण २०७९

परियोजनामार्फत औषत ३ अर्ब बराबरको वार्षिक सहयोग एवम् लगानीबाट वार्षिक रू. १७ अर्ब ४३ करोड बराबरको कृषि उपजको थप उत्पादन हुने गरेको देखिएको छ। (नीति अनुसन्धान प्रतिष्ठानको परियोजना समीक्षा प्रतिवेदन)

## १२.२. प्रविधि प्रसार

परियोजनाको सहयोगमा सञ्चालित विभिन्न क्रियाकलाप एवम् कार्यक्रमले आधुनिक एवम् नविनतम कृषि प्रविधिहरूको प्रसार एवम् विस्तार हुन पुगेको छ। परियोजनाले विस्तार गरेका केही बालीगत प्रविधिहरू निम्नानुसार रहेका छन्।





### १२.२.१. तरकारी खेतीका लागि संरक्षित संरचना निर्माण तथा तरकारी खेती

(Hi Tech – 10, Semi Hi Tech- 124, Plastic House/Tunnel-5495), Plastic mulching, Drip irrigation/micro irrigation, Off- season production





### १२.२.२. फलफूल बालीमा स्क्रिन हाउस

फलफूल बालीमा स्क्रिन हाउससहितको नर्सरी (५०१), उन्नत प्रविधिसहित क्षेत्रफल विस्तार, पुराना बगैंचा व्यवस्थापन तथा सुदृढिकरण कार्यक्रमहरू सञ्चालन गरिएका छन्।

### १२.२.३. मत्स्य मूल्य शृङ्खला

माछा मूल्य शृङ्खलामा माछा पोखरी निर्माण तथा आधुनिक यन्त्र उपकरण सहयोग, आइस प्लान्ट निर्माण, जिउँदो माछा पसल (६४) स्थापना, माछा प्रशोधन, मत्स्य दाना उद्योग स्थापनामा सहयोग जस्ता कार्यक्रमहरू सञ्चालन गरिएका छन्।







### १२.२.४. केराबालीको मूल्य शृङ्खला

केरा बालीको मूल्य शृङ्खला अन्तर्गत राइपेनिङ च्याम्बर (१५), ड्रिप इरिगेसनसहितका नमुना बगैंचा स्थापना, G9 जातको केरा बालीको क्षेत्रफल विस्तार, सिँचाइ, बजारीकरण लगायतका क्षेत्रमा कार्यक्रम सञ्चालन भइरहेको छ।

### १२.२.५. स्याउ/ओखरबालीका कार्यक्रमहरू

स्याउ बालीमा High Density Planting (६२ हे.), स्याउ तथा ओखरको क्षेत्रफल विस्तार, स्याउ प्रशोधन, बजारीकरणको लागि कार्टुन वितरण, उच्च घनत्वको स्याउ बालीमा थाँक्रामा सहयोग जस्ता कार्यक्रमहरू सञ्चालन गरिएका छन् ।






### १२.२.६. आलु बाली विकास कार्यक्रमहरू

आलु बालीमा PBS उत्पादन (स्क्रिन हाउस ८), उन्नत प्रविधिसहित क्षेत्रफल विस्तार ३३५५ हे., रष्टिक स्टोर (६८ वटा, आलु चिप्स उद्योग (१० वटा) स्थापनामा सहयोग जस्ता कार्यक्रम सञ्चालन गरिएको छ।

### १२.२.७. धान बालीमा प्रवर्द्धन गरिएका प्रविधिहरू

- चैते धान क्षेत्रफल विस्तार -११३६० हे.

- हर्दिनाथ १, चैते ५ जात विस्तार
- कृषि यान्त्रिकीकरण - सामुदायिक नर्सरी स्थापना, अर्लि ट्रान्सप्लान्टिङ्ग, धान रोप्ने मेशिन (१६ वटा) द्वारा धान रोपाइ
- बीउ प्रशोधन केन्द्र – ८६ वटा



### १२.२.८. मकै बाली विकास कार्यक्रम

मकै बालीमा हिउँदे तथा वसन्ते मकै क्षेत्र विस्तार, बिज वृद्धि, हाइव्रिड मकै बीउ उत्पादन, यान्त्रिकीकरण (सिड ड्रिल, हार्भेष्टर, थ्रेसर, ड्रायर आदि)





### १२.२.८. नविनतम तथा अभियानमूलक कार्यक्रम

- चितवन तथा धादिङका कृषि फार्महरूमा Precision Agriculture प्रविधि जडान तथा प्रदर्शनमा सहजीकरण गरिएको।
- प्रोटिन बेटको प्रयोग गरी जुनारमा फल कुहाउने औंसा *(Bactocera minax)* को नियन्त्रण गरिएको (सिन्धुलीको जुनारमा औंसा किराको प्रकोपबाट ६०% सम्म क्षति भई कृषक पलायन हुन थालेकोमा परियोजनाले सञ्चालन गरेको नियन्त्रण अभियान पश्चात हाल क्षति १% आसपास रहेको)



### १२.२.९. न्यूनतम समर्थन मूल्यको कार्यान्वयन

न्यूनतम समर्थन मूल्यको कार्यान्वयनमा परियोजनाले प्रत्यक्ष भूमिका खेलेको छ। सहकारी परिचालनमार्फत हालसम्म ४० हजार मे.टन भन्दा बढी धान कारोबारमा परियोजनाले सहयोग गरेको छ।

### १२.२.१०. समूह पद्धतिको कृषि प्रसार प्रणाली

समूह पद्दतिको कृषि प्रसार प्रणाली हुँदै बहुआयामिक प्रसार प्रणाली स्थापित गराउन परियोजनाले विशेष योगदान गरेको छ।

### १२.२.११. लाभान्वित वर्गको सहभागिता सुनिश्चिता

योजना तर्जुमा, लाभग्राही छनौट, कार्यक्रम कार्यान्वयन तथा अनुगमन कार्यमा लाभान्वित वर्गको सहभागिता सुनिश्चित गरिएको (हाल २२७ वटा जोन/सुपरजोन सञ्चालन समन्वय समितिहरू क्रियाशील रहेको) छ।

### १२.२.१२. कृषिमा औद्योगिकीकरण

कृषिलाई उद्योगसँग जोड्न शुरुवात भई केही कृषिजन्य उद्योगहरू स्थापना भई सञ्चालनमा आएका छन्। प्राथमिक प्रशोधन उद्योग (१३६ वटा), आलु चिप्स उद्योग (१०), गोदाम घर निर्माण (३२ वटा), बीउ स्रोत केन्द्र स्थापना (८६) मा सहयोग गरिएको छ ।







## १३. परियोजना कार्यान्वयन पश्चातका अवसर तथा चुनौतीहरू

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको हालसम्मको कार्यान्वयनबाट नेपाली कृषि क्षेत्रमा केही सकारात्मक परिवर्तनहरू महसुस गरिएका छन्। सङ्घीयता कार्यान्वयनपछिको संक्रमणकालमा राज्यसँग कृषकलाई जोड्ने एक महत्त्वपूर्ण परियोजनाको रूपमा परियोजनाले योगदान गरेको छ। सरकारको आफ्नै स्रोत, साधन र जनशक्तिमार्फत पनि परियोजना सञ्चालन गर्न सकिन्छ भन्ने मानक यस परियोजनाले स्थापित गरेको छ। निम्न वर्गीय कृषकहरूको आर्थिक अवस्था सुधार, उन्नत बीउ तथा बिरुवाको प्रयोग अभिवृद्धि, साना सिँचाइको कारण कृषि उत्पादनमा वृद्धि, मुख्य बाली वस्तुहरूको उत्पादन तथा उत्पादकत्वमा वृद्धि, कृषि यान्त्रिकीकरण, बाली चक्रमा सुधार आदि परियोजनाका प्रभावी पक्षहरू देखिएको छ।

राष्ट्रिय नीतिहरूको कार्यान्वयन, राष्ट्रिय लक्ष्य प्राप्ति, अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूसँग परियोजनाको तादाम्यता रहेको छ। राष्ट्रिय औसत उत्पादकत्व तथा पन्ध्रौं योजनाको लक्ष्यको तुलनामा परियोजनाका विशिष्टिकृत क्षेत्रहरूको उत्पादकत्व धेरै रहेको छ। परियोजनाबाहेकका कृषकको तुलनामा परियोजनासहितका तथा परियोजना पहिलेको तुलनामा परियोजना पश्चात्को उत्पादन र उत्पादकत्व दुवै बढी देखिएको छ। जोन सुपरजोनका कार्यक्रमहरू यान्त्रिकीकरणमा केन्द्रित भई ३५ प्रतिशतसम्म लागत न्यूनीकरण भएको छ। परियोजनाको आन्तरिक आयदर (IRR) २० प्रतिशत भन्दा धेरै भएकाले परियोजनामा गरिएको लगानीको प्रतिफल सहजै प्राप्त भई स्रोतको सदुपयोग भएको पुष्टिसमेत भएको छ (परियोजनाको मध्यावधि समीक्षा प्रतिवेदन, २०८०)। परियोजनाबाट प्रवाह भएको समग्र सेवाको पहुँच र गुणस्तर सम्बन्धमा लाभग्राही कृषकहरूको सकारात्मक धारणा रहेको छ। समग्रमा परियोजनाले निर्वाहमुखी खेती प्रणालीलाई यान्त्रिकीकरण तथा प्रविधि प्रसारको माध्यमबाट आधुनिकीकरण तथा व्यावसायीकरण गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ।

सकारात्मक सुधार हुँदै गर्दा पनि परियोजनाका केहि लक्ष्य तथा अपेक्षित उपलब्धिहरू हासिल हुन बाँकी देखिएको छ। जोन तथा सुपरजोन विकास कार्यक्रममा बजारीकरण, औद्योगिकीकरण र निर्यात अभिवृद्धिमा थप केन्द्रित हुनु पर्ने देखिएको छ। ठूला प्रशोधनका कार्यकमहरू प्रयाप्त मात्रामा अगाडि बढाउन सकिएको छैन। पकेट र ब्लक कार्यक्रम सञ्चालन परियोजनाको व्यवस्थापकीय नियन्त्रणमा रहन नसक्दा परियोजनाका सम्भागबीचको समन्वय फितलो हुन पुगेको छ। परियोजना दस्तावेज बमोजिमको प्रक्षेपित लगानी परियोजनामा विनियोजन हुन नसक्दा उपलब्ध सामान्य

लगानीबाट निर्यात प्रवर्द्धन, बजारीकरण, मूल्य अभिवृद्धि र प्रतिस्पर्धात्मकतामा प्रयाप्त हस्तक्षेप हुन सकिरहेको छैन।

परियोजनाबाट छोटो अवधिको आर्थिक तथा प्राविधिक सहयोगले सम्भागहरू स्थापना भए तापनि थप परिपक्व बनाई स्वःसञ्चालन हुने अवस्थासम्म पुर्याउनु आवश्यक देखिएको छ। त्यसै गरी विशिष्टीकृत उत्पादन क्षेत्रहरू हालसम्म मूल्य शृङ्खलामा पूर्ण आवद्ध भई नसकेकोले सङ्घीय सरकारको कुनै न कुनै प्रकारको सहयोग नहुँदा कार्यक्रमहरूको स्वःसञ्चालन नहुने अवस्था देखिएको छ। कार्यक्रमले निरन्तरता नपाउने हो भने हालसम्मको लगानी र योगदान खेर जाने जोखिमसमेत उत्तिकै रहेको छ। अतः कार्यान्वयन क्रममा प्राप्त उपलब्धिहरूलाई स्वःसञ्चालनको तहमा पुर्याउँदै हाँसिल हुन बाँकी रहेका लक्ष्य एवम् उद्देश्य हाँसिल गर्न परियोजनालाई निरन्तरता दिनु अपरिहार्य भएको छ। परियोजनाको निरन्तरताले स्थानीय तह तथा प्रदेश सरकारको कृषि कार्यक्रम कार्यान्वयनमा, कृषि जनशक्तिको क्षमता विकास तथा प्राविधिक मार्गदर्शनमा सहजीकरण एवम् समन्वय गरी सङ्घीय एकाइको रूपमा अभिभावकीय भूमिकासमेत प्रदान गर्ने अवसर देखिएको छ।

नेपाल सरकार

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना व्यवस्थापन एकाइ

खुमलटार, ललितपुर